चन्द्रनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर, सर्लाही
मधेश प्रदेश, नेपाल

प.सं.: २०७९/८०
च.नं.: १०१६

मिति: २०७९/१०/२४

श्री सम्पूर्ण वडा कार्यालयहरु,
चन्द्रनगर गाउँपालिका ।

**विषय :** स्वीकृत आयोजना बाहेक अन्य निकायको आयोजना कार्यान्वयन गर्दा पूर्वस्वीकृती सम्बन्धमा ।

यस चन्द्रनगर गाउँपालिकाको स्वीकृत योजना बाहेक अन्य निकायबाट यस गाउँपालिका क्षेत्र भित्र आयोजना कार्यान्वयन गर्दा गाउँपालिकाको योजना संग दोहरोपन हुने, गाउँपालिकाको प्राथमिकता विपरित हुने, गाउँपालिकाको मापदण्ड बमोजिम नहुने, अभिलेखिकरण गर्न कठिनाई हुने, आयोजना प्रारम्भ भई अधुरो अवस्थामा रहने, विभिन्न निकायबाट अभिलेख सूचना माग गर्दा गाउँ कार्यपालिकाको कार्यालयमा अभिलेख उपलब्ध नहुने र गुणस्तरको सुनिश्चितता गर्न कठिन हुने तितो यर्थाथ जानकारीको लागि अनुरोध छ ।

तसर्थ, त्यस्ता आयोजना यस चन्द्रनगर गाउँपालिका क्षेत्र भित्र कार्यान्वयन गर्दा (जस्तै उपभोक्ता समिती गठन, सहजीकरण, अनुगमन र सुपरिवक्षेण आदि) चन्द्रनगर गाउँपालिकाको गाउँ सभाको निर्णय अनुरुप यस गाउँ कार्यपालिकाको कार्यालयबाट अनिवार्य रुपमा पूर्वस्वीकृती लिएर कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ । यस विपरित भएमा नियमानुसार हुने व्यहोरा समेत अनुरोध छ ।

सहयोग, समन्वय र सदभावको लागि हार्दिक धन्यवाद् ।

(राज कुमार महतो)
गाउँपालिका अध्यक्ष

Email: chandranagar111@gmail.com/info@chandranagarmun.gov.np, Website: chandranagarmun.gov.np
Contact No.: 9844059173, 9854038381